# कन्काईमा बालमैत्री अन्तरक्रिया

**इजलास** /झापा

कनकाई नगर बाल संजालले बाल मैत्री अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सहिद दिवसको अवसर पारेर संजालले बाल क्लबका पूर्व अध्यक्षसँग छलफल गरेको हो ।

अन्तरक्रियामा पूर्व अध्यक्षहरु खेमराज चापागाईं,हिमाशुं उप्रेती ,सारिका गिरी र संस्थापक अध्यक्ष नवीन गौतमले आआफ्नो धारणा राखेका थिए । कार्यक्रममा पूर्व अध्यक्षहरुले बिगत जस्तो समस्या नभएपनि बालबालिकालाई हेर्ने दृष्टिकोणमा केही परिवर्तन भएको धारणा राखेका थिए ।

उनिहरुले बिगतमा बालक्लब भनेकोसम्म राम्रो बुझ्न नसकेको भए पनि हाल नगरका सबै बालबालिका आफ्नो अधिकारलाई स्थापित गर्न सफल भएको अनुभव सुनाएका थिए । स्थानीय सरकार गठन हुनु पूर्व कर्मचारीबाट सहयोग नभएको बताए । बालबालिकाका लागि विनियोजित रकम कागजमा सिमित हुने गरेको र अहिले बजेट देखि सबै कुरामा स्थानीय सरकार आएपछि गतिविधि गर्न सहज भएको बताइएको छ ।

नगर प्रमुख राजेन्द्र पोखेल, उपप्रमुख मन्जु प्रसाईं बालकल्याण अधिकारी उमानाथ ढकाल बालबालिका तथा शिक्षा संचार मञ्चका अध्यक्ष सरोज पौडेलले अभियानका बारेमा प्रष्ट पारेका थिए । नगरप्रमुख पोखेलले बालक्लबले खेलेको रचनात्मक गतिविधिबाट आफू प्रभावित भएको र बाल मैत्री पालिका निर्माणमा आफु कटिबद्ध भएर लाग्ने उद्घोष गरे । सोही अवसरमा बाल संजालका संस्थापक अध्यक्ष गौतमलाई सम्मान समेत गरिएको थियो ।

गौतमले कनकाई ४ स्थित पुकार अपांग अशक्त समाजलाई चामल,तेल,बिस्कुट लगायतका खाध्यान्न र अन्य अन्त्यावसेक सामग्री समेत बितरण गरेका छन् । हाल उनी अध्ययनका लागि अष्ट्रेलियामा रहेको र छुट्टीमा घर आएको बेला बाल क्लबको समन्वयमा बालबालिकालाई सहयोग गरेको बताएका छन् ।

# कारसहित २४ लाखको लत्ताकपडा बरामद



**इजलास** /भद्रपुर

सशस्त्र प्रहरीले कारसहित २४ लाखको लत्ताकपडा र जुत्ता चप्पल बरामद गरेको छ । पूर्वीनाका काँकडभिट्टा आसपास क्षेत्रबाट भन्सार छलेर नेपाल भित्राइएको सो मुल्य बराबरको लत्ताकपडा र जुत्ता चप्पल सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाबाट खटिएको सशस्त्र प्रहरी टोलीले शनिवार राती १० बजे बरामद गरेको हो । सशस्त्र प्रहरीले विशेष सूचनाको आधारमा पूर्व-पश्चिम राजमार्ग अन्तरगत मेचीनगर- ६ स्थित टोकला चिया बगान अगाडीमा पश्चिमतर्फ गइरहेको बा १५ च २७८४ नम्बरको कारलाई रोकेर चेकजाँच गरेका थिए । कारभित्र प्यालिष्टकको बोरामा प्याक गरी लैजान लागेका विभिन्न प्रकारका लत्ताकपडा र लेडिज जुत्ता चप्पल बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गरिएको लत्ताकपडा, जुत्ता चप्पल र कारलाई २४ लाख मूल्याङ्कन तोकेर आइतबार मेची भन्सार कार्यालय काँकडभिट्टा बुझाइसकेको जनाइएको छ । पछिल्लो समयमा पूर्वी नाकाबाट तस्करी गतिविधि मौलाएपछि प्रहरीले सक्रियता बढाएको हो ।

# प्रदेशमा ४६२ जनामा कोरोना

विराटनगर । प्रदेश १ मा पछिल्लो २४ घण्टामा ४६२ जनामा कोरोना संक्रमण भएको छ । ६४० जनाको पीसीआर परीक्षण गर्दा २२४ र ६६३ जनाको एन्टिजेन परीक्षण गर्दा २३८ जनामा कोरोना संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार पीसीआर परीक्षणका आधारमा मोरङमा ९५, झापामा ५५, सुनसरीमा ४०, उदयपुरमा ३, इलाममा २, ताप्लेजुङ, तेह्रथुम, धनकुटा र खोटाङमा १-१ र प्रदेश १ बाहिरका २५ जनामा संक्रमण देखिएको हो ।

मोरङको विराटनगरमा ६३, सुन्दरहरैचामा ८, बेलबारीमा ५, लेटाङ र बुढीगंगामा ४-४, उर्लाबारीमा ३, कानेपोखरी, सुनबर्षी, पथरीशनिश्चरे र रतुवामाईमा २-२, झापाको दमकमा १५, कनकाईमा १०, अर्जुनधारा र भद्रपुरमा ६-६, विर्तामोड र मेचीनगरमा ४-४, शिवसताक्षी र कमल गाउँपालिकामा ३-३, बाह्रदशीमा २, गौरादह र स्थानीय तह नखुलेका १-१, सुनसरीको इटहरीमा २४, भोक्राहानरसिंहमा ४, हरिनगरमा ३, देवानगञ्ज र रामधुनीमा २-२, दुहवी, बर्जु, बराहक्षेत्र, कोशी गाउँपालिका र स्थानीय तह नखुलेका १-१, उदयपुरको चौदण्डीगढीमा ३, कटारीमा १, इलामको इलाम नगरपालिका र स्थानीय तह नखुलेका १-१, ताप्लेजुङको सिदिङ्वा, तेह्रथुमको लालिगुराँस, धनकुटाको पाख्रिबास र खोटाङको खोटेहाङमा १-१ र प्रदेश १ बाहिरका २५ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा आइतवार ६७८ जना कोरोना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा ३६९ महिला र ३०९ पुरुष रहेका छन् । पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट ३ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा १ महिला र २ पुरुष रहेका छन् । सक्रिय संक्रमितको संख्या ६ हजार २ सय रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

पत्रिकाको ग्राहक बन्नुपरेमा
९८५२६६३५०२८

## बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

## पदपूर्ति सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित : २०७८/१०/१७

प्रस्तुत विषयमा बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मिति : २०७८/१०/१६ को निर्णयानुसार निम्मनानुसारको पदमा करार सेवा मार्फत पदपूर्ति गर्नको निम्ति तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन अनुरोध छ ।

तपशिल :

| क्र.स | विज्ञापन नं. | पद | तह स्तर | संख्या | न्यूनतम शैक्षिक योग्यता | निवेदन दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ५/०७८/७९ | ल्याव टेक्निसियन | सहायक पाचौँ | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा ल्याव टेक्निसियन कोर्ष पुरा गरि सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने | ५००/- |

१. परीक्षा किसिम : लिखित, मौखिक र प्रयोगात्मक
२. निवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातहरु :
- नागरिकताको प्रमाणित प्रतिलिपी
- न्यूनतम शैक्षिक योग्यता खुलेको शैक्षिक योग्यताको लाब्धांक सहितको प्रमाणपत्रको प्रतिलिपि
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
३. परीक्षाको मिति र परीक्षा केन्द्र - मिति २०७८/११/०२ गते सोमवारको दिन तय गरिनेछ ।

तिलचन भण्डारी
उपसचिव


अब बिना अप्रेसन सफल उपचार गर्नुपरेमा

**स्पार्क पूर्वाञ्चल अस्पताल**

स्वास्थ्य जाँच तथा उपचार हुने समस्याहरु

- प्यारालाइसिस जस्तै : मुख बाङिएको, शरिरको एक भाग वा दुबै भाग नचल्ने
- ढाड,कम्मर,गर्दन दुख्ने डिस्क प्रोल्याप्स,हड्डी खिएको र नशा च्यापिएको
- बाथ, आर्थराइटिस, घुँडा जोर्नीहरु दुख्ने, युरिक एसिड बढेको
- मोटोपन, कोलेस्ट्रोल बढेको तथा उच्च रक्तचाप
- ग्यास्टाइटिस, कब्जियत, अपच, अल्सर र पाएल्स
- पिनास, एलर्जी, दम, पुरानो खोकी
- टाउको दुख्ने, माइग्रेन, मानसिक तनाब, डिप्रेसन, अनिद्रा
- सर्जरी पश्चात् चाहिने फिजियोथेरापी र रिहवाबिलिटेशन
- स्पोर्ट् इन्जुरी रिहवाबिलिटेशन



हाम्रा सेवाहरू

- काठमाडौँका विशेषज्ञ डाक्टरहरुद्धारा स्वास्थ्य परिक्षण तथा परामर्श
- अन्तरंग तथा बहिरंग सेवा,प्राकृतिक चिकित्सा
- फिजियो थेरापी (अत्याधिक इलेक्ट्रोथेरापीका संयन्त्रसहित रिह्याबिलिटेशन सेवा )
- लेजर थेरापी,अकुपंचर/अकुप्रेशर
- माबो तथा म्यानिपुलेसन थेरापी, मसाज थेरापी /स्टिम बाथ
- पञ्चकर्म, शिरोधारा तथा आयुर्वेद चिकित्सा
- योग, षटकर्म, एरोविक्स तथा स्ट्रेस म्यानेजमेन्ट
- जीवनशैली चिकित्सा,स्वास्थ्य शिविर सञ्चालन

सम्पर्क : कनकाईरोड, दूरसञ्चार पूर्व,
बिर्तामोड, झापा फोन नं.: ०२३-५३०१२३, ९८४९०९२५२५


## बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना मिति २०७८/१०/१७

बिर्तामोड नगरपालिकाको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम तथा सहारा नेपालको साझेदारीमा तपशिल विवरण अनुसारका चापकटर मेसिन खरीद गरी कृषकहरुलाई वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक फर्म/कम्पनीले दररेट तपशिल उल्लेखित दस्तुर तिरी दरभाउपत्र खरिद गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| ठेक्का नं | विवरण | स्पेसिफिकेशन | आवश्यक परिमाण (Nos.) | फारम शुल्क | बोलपत्र जमानत रकम | लागत इस्टमेट (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|
| BTMMUN/GOODS/SQ-30/078-79 | चापकटर (कुटि काट्ने मेसिन) | Iron Body, 2 Roller, 36 wheel | ६० | १०००/- | १८,७५०/- | ७,५०,०००/- |

शर्तहरु :

१) ईच्छुक दरभाउपत्रदाताले फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, नविकरण, PAN/VAT दर्ता प्रमाण पत्र र गत आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाण पेश गरी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।

२) दरभाउपत्र १५ औं दिन मिति २०७८/११/०२ गतेको कार्यालय समयभित्र बिर्तामोड नगरपालिकाको कार्यालय पशुपक्षी तथा मत्स्य विकास शाखाबाट खरिद गरिसक्नुपर्नेछ र १६ औं दिन मिति २०७८/११/०३ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ र सोहि दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३) दरभाउपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएमा केरमेट भएको ठाउंमा दरभाउपत्रदाताले स्पष्ट सहीछाप गरेको हुनुपर्नेछ ।

४) दरभाउपत्र फारम खरिद बापतको रकम यस कार्यलयको एन.आइ.सि एसिया बैंक शाखा विर्ताबजारको हि.नं.-२४६२०५००२८३५४००२ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरेको नगदी रसिद सक्कलै पेश गर्नुपर्ने छ ।

५) दरभाउपत्र जमानत रकम रु १८,७५०/- (अक्षरुपी रु अठार हजार सात सय पचास मात्र) कार्यालयको एनआइ सि एसिया बैंक शाखा विर्ताबजारको हि.नं.-२४६ CA ५००१८८७०००५ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ (पचहत्तर) दिन म्याद भएको विडवण्ड दरभाउपत्रसाथ दाखिला गर्नु पर्नेछ ।

६) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र दरभाउपत्रदाताबिच कुनै विवाद उत्पन्न भएमा बिर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु दरभाउपत्रदाताको कर्तव्य हुनेछ ।

७) दरभाउपत्रदाताहरुले नगरपालिकालाई वुझाउनु पर्ने वाँकी कर, वक्यौता रकम भएमा त्यस्ता व्यक्ति वा फर्महरुले बाँकी कर, वक्यौता रकम नबुझाएसम्म निजले दरभाउपत्र खरिद गर्न पाउने छैनन् ।

८) दरभाउपत्रदाताले नाम र ठेगाना स्पष्टसँग उल्लेख गरी ठेक्काको ठेक्का नं समेत उल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

९) दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट क्रमश हुनेछ ।

१०) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

११) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका दरभाउपत्र माथि कारवाही हुने छैन ।

१२) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१३) यस सम्बन्धमा थप कुराहरु बुझ्न परेमा कार्यालय समयभित्र बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४) ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने दरभाउपत्र फारममा उल्लेख गरिएको छ । दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नुपर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत


**जनहितमा जारी सन्देश**

कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोन भाइरसको संक्रमण बिर्तामोड नगरपालिका क्षेत्र भित्र पनि अत्याधिक फैलिएको हुनाले सबैजना सजग बनौँ ।

मास्कको सही प्रयोग गरौँ ।

भौतिक दूरी कायम गरौँ ।

बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौँ ।

भिडभाड नगरौँ ।

स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरौँ ।

कोरोनाविरूद्धको खोप अनिवार्य लगाऔँ ।

कोभिड–१९को लक्षण देखिएमा वा त्यस्तै प्रकारको स्वास्थ्य समस्या देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखौँ ।

बिर्तामोड नगरपालिका
प्रदेश नं. १, झापा, नेपाल


टाइम्स मिडिया नेटवर्क प्रा.लि.द्वारा प्रकाशित तथा पोखरेल प्रिन्टिङ प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-४, झापा । फोन : ०२३-५३५०२८ । Gmail : ijalaasdaily@gmail.com ।
अध्यक्ष : नारायणप्रसाद पोखरेल । लेआउट : छेत्रलाल राजवंशी ।। कार्यालय प्रतिनिधि : ९८५२६३५०२८ । सम्पादक : प्रदीप परियार